नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्याः ०७२।०७३ चलानी संख्याः

बिषय :- सम्पर्क अधिकृत सम्वन्धी सूचना ।

प्रस्तुत बिषयमा यस विभागबाट सन् २०१६ मा नेपालका विभिन्न हिमालहरुको आरोहण गर्न अनुमति लिने पर्वतारोही दलका साथ खटाईने सम्पर्क अधिकृतका लागि तहाँ मन्त्रालय/आयोग/अदालत/सचिवालय/कार्यालय वा अन्तर्गत कार्यरत कर्मचारीहरु मध्येबाट देहाय बमोजिमका योग्यता पुगेको १ जना कर्मचारीको नाम सिफरिस गरी ३० (तिस) दिन भित्र यस विभागमा आईपुग्ने गरी पठाई दिनु हुन मिति २०७२/१०/१४ को निर्णयानुसार अनुरोध छ" भनि पर्यटन विभाग (पर्वतारोहण शाखा) बाट लेखि आएकोले निम्न योग्यता भएका मध्येबाट निवेदन दिन हुन यो सूचना गरिएको छ ।

१) **हाल सम्म सम्पर्क अधिकृत भई जाने मौका नपाएकोलाई प्राथमिकता दिने**

२) **पहिले मौका पाइसकेकालाई सिफारिस नगरिने ।**

३) **सम्पर्क अधिकृतमा खटिने कर्मचारीको योग्यताः**

- निजामती सेवाका राजपत्र अनंकित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो श्रेणीका कर्मचारी
- पर्वतारोहण सम्वन्धी आधारभूत प्रशिक्षण (सम्पर्क अधिकृत अनुस्थापन तालिम)प्राप्त गरेको
- स्नातकोपाधि हासिल गरेको (ट्रान्सक्रिप्टको प्रतिलिपि संलग्न गरी पठाउनु पर्ने) हुनुपर्ने छ ।

४) **महिला, आदीवासी जनजाति, मधेशी, दलित र पिछडिएको क्षेत्रका कर्मचारीलाई प्राथमिकता दिइने ।**

५) **उचाइमा जान शारिरीक रूपले सक्षम रहेको (ब्लड प्रेसर,दम,सुगर इत्यादीको समस्या नरहेको)**

| सि.नं. | पद | नाम,थर | कार्यरत कार्यालय | तालिम लिएका मिति | सम्पर्क नं. (मोवाइल नं. र कार्यालयको नं.) | यस मन्त्रालयमा सरूवा/हाजिर भएको मिति |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |



सिंहदरबार, काठमाण्डौ, फोनः ४२००३६७, ४२००३६८, ४२००३६९ फ्याक्सः ४२००२३८
इमेलः info@moga.gov.np वेवः www.moga.gov.np


२०७२।११।१६

नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पर्यटन विभाग

(पर्वतारोहण शाखा)

www.tourism.gov.np
Email: info@tourismdepartmept.gov.np
फ्याक्स नं.:- ४२२७२८१
फोन नं.:- ४२५६२२८,४२५६२३२,४२५६२३१
महानिर्देशक :- ४२४७०३७
पर्यटक प्रहरी : ४२४७०४१
भृकुटीमण्डप, काठमाडौं

पत्र संख्या : पर्वतारोहण /०७२।०७३
च.नं :- ३९२९

मिति : २०७२।११।१०

श्री सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार ।

**विषय :- सिफारिस सहित नामावली पठाईदिने सम्बन्धमा ।**

यस विभाग बाट सन् २०१६ मा नेपालका विभिन्न हिमालहरुको आरोहण गर्न अनुमति लिने पर्वतारोही दलका साथ खटाईने सम्पर्क अधिकृतका लागि तहाँ मन्त्रालय/आयोग/अदालत/सचिवालय/कार्यालय वा अर्न्तगत **कार्यरत** कर्मचारीहरु मध्ये बाट देहायबमोजिमका योग्यता पुगेको १ जना कर्मचारीको नाम सिफारिस गरी ३० **(तीस)** दिनभित्र यस विभागमा आईपुग्ने गरी पठाईदिनु हुन मिति २०७२।१०।१५को निर्णयानुसार अनुरोध छ ।

१) **यो पत्रलाई तहाँको सुचनापाटी र वेभसाइटमा राखी इच्छुक कर्मचारीहरुको निवेदन संकलन गरी सिफारिस गर्नुहुन अनुरोध छ ।**
२) पहिले सम्पर्क अधिकृत भई जाने मौका नपाएकोलाई प्राथमिकता दिन अनुरोध छ र **एक पटक पनि मौका नपाएका कर्मचारी हुँदा हुदै पहिले मौका पाइसकेकालाई सिफारिस भएमा त्यस्तो सिफारिसको आधारमा सम्पर्क अधिकृत खटाई पठाउन यस बिभाग बाध्य हुने छैन ।**
३) सम्पर्क अधिकृतमा खटिने कर्मचारीको योग्यता :
- निजामती सेवाका राजपत्र अनंकित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो श्रेणीका कर्मचारी ।
- पर्वतारोहण सम्बन्धी आधारभूत प्रशिक्षण (सम्पर्क अधिकृत अनुस्थापन तालिम) प्राप्त गरेको
- स्नातकोपाधि हासिल गरेको (ट्रान्सकिप्टको प्रतिलिपी संलग्न गरी पठाउनु पर्ने) हुनुपर्नेछ ।

४) महिला, आदीवासी जनजाती, मधेशी, दलित र पिछडिएको क्षेत्रका कर्मचारी लाई प्राथमिकता दिने ।
५) उचाइमा जान शारिरीक रुपले सक्षम रहेको (ब्लड प्रेसर, दम, सुगर इत्यादीको समस्या नरहेको ) ।

उपरोक्त सिफारिस भई आएका कर्मचारीहरलाई पर्वतारोही दलको पर्याप्तताको आधारमा क्रमशः सन् २०१६ मा सम्पर्क अधिकृतका रुपमा खटाईने हुँदा सिफारिस भई आएका सबै कर्मचारीलाई खटाई पठाउन नसकिने संभावना रहेको व्यहोरा समेत अनुरोध छ ।

| सि.नं | पद | नामथर | कार्यरत कार्यालय | तालिम लिएको मिति | सम्पर्क नं (मोबाईल नं र कार्यालयको नं) |
|---|---|---|---|---|---|
| | | | | | |

(जीवन प्रसाद आचार्य)
शाखा अधिकृत